लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

☎ ०८६-४६०१४३
sddo.pyuthan1@gmail.com
www.sddopyuthan.lumbini.gov.np

# सामाजिक विकास डिभिजन कार्यालय

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- ४५२

मिति:२०८३/०२/१८

विषय : विद्यालय छनोट गरी पठाईदिनु हुन। ।

श्री सम्पूर्ण स्थानीय तहहरु,
प्यूठान र रोल्पा।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मेरो विद्यालय मेरो दायित्व विस्तार कार्यक्रम (स्थानीय तह समेत) संचालनका लागि **मेरो विद्यालय मेरो दायित्व कार्यक्रम संचालन** कार्यविधि २०८१ अनुसार संचालन गर्न यस कार्यालयको मिति २०८३/०२/१८ गतेको निर्णयानुसार हरेक पालिकाको एउटा विद्यालयमा सो कार्यक्रम संचालन गर्नु पर्ने भएको हुनाले हरेक पालिकावाट १ वटा विद्यालय छनौट गरि मिति २०८३/०२/२५ गते भित्र (कार्यालय समय भित्र) यस कार्यालयको ईमेल ठेगाना sddopyuthan@gmail.com मा तपसिल बमोजिमको विवरण समावेश गरि पठाईदिनु हुन अनुरोध छ।

तपसिल:

| क्र. स. | विद्यालयको नाम र ठेगाना | प्र.अ. को नाम | प्र.अ. को मोबाईल न. | विद्यालयको ईमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

राम करन पाल
नि. कार्यालय प्रमुख

मेरो विद्यालय मेरो दायित्व कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः

सामुदायिक विद्यालयको सुधारमा उत्तरदायी प्रणालिको विकास गरी शिक्षामा सबैको पहुँच, सहभागिता, गुणस्तर र सान्दर्भिकता अभिवृद्धिमा सरोकारवालाहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले तय गरिएको मेरो विद्यालय मेरो दायित्व कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले लुम्बिनी प्रदेश सरकार विनियोजन ऐन, २०८१ को दफा १०(२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाई लागु गरिएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मेरो विद्यालय मेरो दायित्व कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विद्यालय" भन्नाले सरकारबाट नियमित अनुदान पाउने गरी स्वीकृत विद्यालयलाई बुझाउदछ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ। सो शब्दले शिक्षा हेर्ने मन्त्रालयलाई जनाउँदछ ।

(ग) "निर्देशनालय" लुम्बिनी प्रदेश अन्तर्गतको शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई जनाउदछ ।

(घ) "डिभिजन कार्यालय" सामाजिक विकास मन्त्रालय अन्तर्गत स्थापना भएका जिल्ला स्थित कार्यालयलाई जनाउदछ ।

(ङ) "मेरो विद्यालय" भन्नाले आफ्नो जीवनकालमा स्वंयले अध्ययन गरेको वा आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरु जसको सुधारका लागि आफुलाई उत्तरदायी ठानिन्छ त्यस्ता विद्यालयलाई जनाउदछ ।

(च) "मेरो दायित्व" भन्नाले मुलुकको नागरिकका हैसियतले समाजमा विद्यमान विद्यालयको सुधारमा दायित्व वोध गरी सकारात्मक भुमिका खेल्ने विषयलाई जनाउदछ ।

(छ) "सरोकारवाला" भन्नाले शिक्षाको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अनुबन्धित कुनै व्यक्ति, राजनीतिज्ञ, कर्मचारी, पेशाकर्मी, पत्रकार, शिक्षाविद्, नागरिक समाज लगायतलाई जनाउदछ ।

(ज) "मार्गदर्शन समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित समितिलाई संझनुपर्दछ ।

(झ) "परिचालन समिति" भन्नाले कार्यविधिको दफा ७ बमोजिम स्थानीय तहमा गठित समितिलाई बुझाउदछ ।

## परिच्छेद– २

## कार्यक्रमको उद्देश्य तथा सञ्चालन प्रकृया

३. कार्यक्रमको उद्देश्य: (१) विद्यालय शिक्षाको सुधारमा सबै सरोकारवालाहरुको भुमिका हुनेछ । यो लचिलो पद्धतिमा आधारित हुनेछ ।यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

क) कुनै विद्यालयबाट शैक्षिक सेवा लिई हाल विभिन्न संस्था निकाय र क्षेत्रका जिम्मेवार पद र हैसियतमा रहेका अल्मुनाईहरुलाई समेत आफ्नो विद्यालय प्रतिको प्रेमभाव जगाई सहयोगका लागि अभिप्रेरित गर्नु ।

ख) शैक्षिक सरोकारवालाहरुलाई विद्यालय शिक्षा सुधारमा मेरो भुमिका के हुन सक्दछ ? र म कसरी सहयोगी हुन सक्दछु ? भनी सोच्न उत्प्रेरित गर्ने,

ग) विद्यालयका विविध आयामहरु जस्तै शैक्षिक, सामाजिक, आर्थिक, भौतिक, मानवीय पक्षको व्यवस्थापन प्राप्त हुन सक्ने सहयोगलाई विद्यालयको वृहत्तर हितका लागि उपयोग गर्ने।

घ) विद्यालय शिक्षाको सुधारलाई अभियानको रुपमा विकास गर्न सबैमा हातेमालो गर्ने ।

४.सञ्चालन प्रक्रिया: (१) प्रदेश सरकारले यस कार्यविधिमा आधारित भई मेरो विद्यालय मेरो दायित्व कार्यक्रम कार्यान्वयनका लागि निम्नानुसारको प्रकृया अपनाउनेछ ।

क) विद्यालय शिक्षाको सुधारमा योगदान गर्न आम सरोरोकारवालाहरुलाई पत्रकार सम्मेलन, मिडिया, वेवसाईट लगायतका साधान मार्फत मन्त्रालयले आह्वान गर्नेछ ।

ख) विद्यालय शिक्षामा आफ्नो दायित्व अनुभुत गरी सहयोग गर्न चाहनेले सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई औपचारिक रुपले प्रस्ताव गर्नुपर्नेछ,

ग) विद्यालय प्रधानाध्यापकले सहयोगको प्रकृतिका आधारमा स्वयंले वा विद्यालय व्यवस्थापन समिति/ शिक्षक अभिभावक संघ समेतको परामर्शमा ईजाजत दिन सक्नेछ,

घ) इजाजत प्राप्त व्यक्तिले आफ्नो दायित्वलाई निम्नानुसार प्रस्तुत गर्न सक्नेछन,

- आफु सँग भएको ज्ञान अनुभव आदान प्रदान गरेर,

- अध्ययन तथा अनुसन्धानका नतिजाहरुलाई विद्यालयको सापेक्षतामा प्रस्तुत गरेर,
- विद्यालय समुदाय सम्बन्ध बलियो बनाउने तरिकाहरु प्रस्तुत गरेर,
- विद्यालयका शिक्षकहरुलाई उत्प्रेरित एवं प्रोत्साहन गरेर,
- शिक्षामा पहुँच विहिन वर्ग र क्षेत्रलाई मुलप्रवाहिकरणका लागि आर्थिक एवं भौतिक सहयोग गरेर,
- विभिन्न शैक्षिक प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना वा आयोजनामा आर्थिक एवं भौतिक सहयोग गरेर,
- विद्यालय स्तरीय विविध योजनाहरुको निर्माण, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र सुधारमा समन्वय एवं सहयोगी भुमिका निर्वाह गरेर,
- विभिन्न विद्यार्थी लक्षित छात्रवृति वा कोषको स्थापना गरेर,
- सूचना प्रविधि सम्वद्ध सामग्रीको हस्तान्तरण तथा खरिदका लागि आर्थिक सहयोग गरेर,
- उत्तरदायी वा सहयोगी समुहको गठन गरी रचनात्मक एवं प्रर्धनात्मक रुपमा सहयोग गरेर,
- विद्यार्थीहरुमा सामयिक सूचना, प्रविधि, उद्यमशीलता, वृर्ति मार्गदर्शन लगायतका विषयमा अभिमुखीकरण गरेर,

ङ) यस खालका सेवा वा दायित्व लिदा विद्यालयले निश्चित समय तालिकाका आधारमा विद्यालयका नियमित गतिविधिहरुलाई असर नपर्ने कुराको सुनिश्चित गर्नुपर्दछ ।

च) यस खालको दायित्व वोध गरी विद्यालयमा सहयोग गर्न चाहने सरोकारवाला कही कतै विवादित, आरोपित, राजनितिक तथा धार्मिक रुपले कसैको पक्षपोषण गर्ने ध्ययले प्रस्तुत हुने वातावरणलाई विद्यालयले पुर्ण रुपले निरुत्साहित गर्नुपर्दछ ।

छ) यस खालको सेवा वा दायित्व लिदा विद्यालयले अभिलेख चुस्त दुरुस्त रुपमा व्यवस्थित गरी राख्नुपर्नेछ ।

ज) यस अभियानबाट विद्यालयहरुमा हुने गतिविधिहरुको सामयिक समीक्षा गरी प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

## परिच्छेद– ३

## समिति गठन र काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

५.मार्गदर्शन समिति गठनः (१) मेरो विद्यालय मेरो दायित्व कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय वमोजिमको मार्गनिर्देश समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | सचिव, सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ग) | उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |

(घ) शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख सदस्य-सचिव

(२) समितिको सदस्य सचिवले यस कार्यक्रमको फोकल पर्शनको रुपमा काम गर्नेछ ।

(३) समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

६.<u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ६ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) मेरो विद्यालय मेरो दायित्व कार्यक्रमको उद्देश्यमुलक कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन गर्ने,

ख) मुख्य सरोकारवालाहरुलाई यस कार्यक्रमका बारेमा अभिमुखीकरण गर्ने,

ग) कार्यक्रमको अनुगमन मुल्याङ्कन गरी प्रभावकारी बनाउन थप रणनितिको विकास गर्ने,

घ) स्थानीय तह र पालिका स्तरमा हुने मेरो विद्यालय मेरो दायित्व परिचालन समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने,

<u>७. परिचालन समितिः</u> (१) दफा ६ बमोजिम गठित समितिको मार्गदर्शनमा रही यस कार्यक्रम कार्यान्वयन गर्न पालिका स्तरमा एक परिचालन समिति गठन हुनेछ ।

क) सम्बन्धित डिभिजन प्रमुख, संयोजक

ख) शिक्षा विकास तथा समन्वय इकाईबाट अधिकृत प्रतिनिधि सदस्य

ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख/ प्रतिनिधी सदस्य-सचिव

(२) परिचालन समितिले मन्त्रालय, निर्देशनालयका प्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

<u>८. परिचालन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) मेरो विद्यालय मेरो दायित्व परिचालन समितिले कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्न निम्नानुसार कार्य गर्नेछ ।

क) आफ्नो स्थानीय तह भित्रका शैक्षिक सरोकारवालाहरुका लागि विद्यालय शिक्षाको सुधारमा आफ्नो दायित्व बोध गराउन सूचनामुलक सन्देश, जानकारी तथा अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने,

ख) आफ्नो स्थानीय तह भित्रका विद्यालयहरुलाई यस अभियानको बारेमा जानकारी गराई प्रभावकारी कार्यान्वयनको वातावरण तयार गर्ने,

ग) कार्यक्रमको प्रभावकारीता अनुगमन गर्ने तथा त्यसको जानकारी प्रदेश सामाजिक विकास मन्त्रालयमा जानकारी गराउने,

घ) यस प्रकृतिका कार्यमा सहयोग गर्न चाहने स्थानीय स्तरमा अन्य संघ सस्था सँग समन्वय तथा सहकार्य गर्ने,

घ) विद्यालयमा गई योगदान गर्ने सरोकारवालाहरुको अभिलेख व्यवस्थित गरी प्रोफाइल निर्माण गर्ने,

ङ) विद्यालय स्तरमा मेरो विद्यालय मेरो दायित्व अभियानलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समिति गठन गरी व्यवस्थित गर्ने,

## परिच्छेद–५

## विविध

९. प्रमाणपत्र उपलब्ध गराउन सक्नेः (१) मेरो विद्यालय मेरो दायित्व अभियानमा योगदान गर्ने सरोकारवालालाई डिभिजन कार्यालयले प्रमाणपत्र सहित सम्मान गर्न सक्नेछ ।

१०. पदाधिकारी सुविधाः (१) यस कार्यविधि अनुरुप गठित समितिका पदाधिकारीले प्रचलित कानुन अनुसार वैठक भत्ता पाउनेछन ।

११. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा कुनै विषय अप्पष्ट भएमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. कार्यविधिको परिमार्जनः यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन वा परिमार्जन गर्न सक्नेछ।

१३. बाधा अड्काउ फुकाउः यस कार्यविधिको प्रयोग वा कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रदेश सचिव